- गोही जस्ता दुर्लभ तथा रोचक जीवको संरक्षणवाट पर्यावरणीय पर्यटनको वृद्धि भई स्थानीय समुदाय तथा राज्यले फाइदा लिन सक्छन् ।
- गोहीलाई वेलैमा संरक्षण नगरे डाइनोसर जस्तै यिनीहरु पनि पृथ्वीवाट लोप भएर जानेछन् र आगामी पुस्ताले देख्न पाउने छैनन् ।

## घडियाल संरक्षण केन्द्र, कसरा

घडियाल गोहीको संख्यालाई विनाश हुनवाट रोक्न वि.सं. २०३५ (सन् १९७८) सालमा कसरामा घडियाल संरक्षण केन्द्रको स्थापना गरियो ।




- स्थानीय माछा मार्ने मानिसहरुको सहयोगमा राप्ती तथा नारायणी नदीवाट अण्डा संकलन गरिन्छ र घडियाल संरक्षण केन्द्र कसरामा कृत्रिम प्रविधिद्वारा वच्चा उत्पादन गरिन्छ ।
- वच्चाहरुलाई करीव तीन वर्षसम्म संरक्षण केन्द्रमा नै हुर्काएपछि नदीमा लगेर छाडिन्छ ।
- यसरी हालसम्म ७०० भन्दा वढी घडियाल विभिन्न नदीहरुमा छाडिएको छ ।

## गोही संरक्षण जागरण आयोजना

स्थानीय समुदायको सहयोग र सहभागिता नभए संरक्षणका प्रयासहरु सफल र प्रभावकारी हुन सक्दैनन् । त्यस्तै संरक्षणको महत्व नवुभ्दासम्म स्थानीय समुदाय संरक्षणका क्रियाकलापमा सहभागि पनि हुँदैनन् ।




- गोहीको अवस्था र यसको संरक्षणको महत्वको वारेमा स्थानीय समुदायलाई जागरुक वनाउन अति आवश्यक भएको परिप्रेक्ष्यमा गोही संरक्षण जागरण आयोजनाको शुरुवात वेलायती संस्था Rufford Small Grants for Nature Conservation को सहयोगमा गरिएको हो ।
- यसले गोही संरक्षणको प्राविधिक भन्दा पनि सामाजिक पक्षलाई सम्वोधन गर्ने प्रयास गरेको छ । गोही संरक्षण प्रति सामाजिक जनचेतना ल्याउन चितवन राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रका विभिन्न १५ वटा विद्यालयहरुमा गोही संरक्षण क्लवको स्थापना गरिएका छन् ।

- गोही संरक्षणको आवश्यकता र महत्व समावेश गरिएका विषयमा विभिन्न पाठ्य तथा शैक्षिक सामाग्रीको उत्पादन तथा वितरण पनि गरेको छ ।
- विद्यालय स्तरीय विभिन्न कृयाकलापको (जस्तै निवन्ध, चित्रकला, वक्तृत्वकला प्रतियोगिता; भित्तेपत्रिका प्रकाशन आदि) सञ्चालन गरिएको छ ।
- नेपालमा भएका गोही संरक्षणका प्रयास तथा सवाललाई अन्तर्राष्ट्रियस्तरसम्म प्रचारप्रसार गर्नको लागि वेभसाइट (www.crocodilenepal.org) सञ्चालन गरिएको छ ।


**विस्तृत जानकारीका लागि**

विष्णु हरि वाग्ले
मोवाइल : ९८४१९८१९६०
**Websites:**
www.crocodilenepal.org
www. ruffordsmallgrants.org/rsg/projects/bishnu_hari_wagle_0
**Email :**
bhwagle@crocodilenepal.org
bhwagle@yahoo.com


# नेपालका गोहीहरु






**Crocodile Conservation Awareness Program CCAP)**

*Institutional Strengthening & Awareness Raising Project for Sustainable Crocodile Conservation in Nepal*

# गोही (Crocodile)

गोहीहरु संसारकै सर्वभन्दा प्राचिन, ठूला र संभवतः रोचक घस्रने प्राणि हुन् । विश्वमा पाइने जम्मा २३ प्रजातिका गोहीहरु मध्ये नेपालमा पनि २ प्रजातिका गोहीहरु पाइन्छन् । नेपालमा पाइने गोहीहरु घडियाल गोही र मगर गोही भनेर चिनिन्छन् ।

## घडियाल गोही (*Gavialis gangeticus*)



- घडियाल गोही संसारमा पाइने ठुला गोहीका प्रजाति मध्येको एक हो ।
- यसको थुतुनो एकदम लामो र मसिनो हुन्छ । भालेको थुतुनोमा हुने घडा आकारको डल्लोले गर्दा यसको नाम घडियाल रहन गएको हो ।
- घडियाल ५-६ मीटर र पोथी ३.५-४.५ मीटर सम्म लामो हुन्छ ।
- यसले केवल माछा मात्र खान्छ, ठूला जनावरलाई समात्न र शिकार गर्न यसको मुख तथा दातहरु साह्रै मसिना र कमजोर ठहरिन्छन् ।
- मानव तथा अरु ठूला स्तनधारी जीवको लागि यो खासै खतराजनक हुन सक्दैन ।
- धेरैजसो समय पानीभित्र बिताउने भएपनि घाम ताप्न र फुल पार्नको लागि वालुवा सहितको नदी किनारा अति आवश्यक हुन्छ ।
- स्वच्छ र सफा पानी वग्ने नदीको शान्त, वेग कम र गहिराई वढी भएको क्षेत्रमा वस्न रुचाउँछ ।
- ऐतिहासिक वासस्थानमध्येका वंगलादेश, पाकिस्तान, भुटान र वर्माका नदीहरु वाट यिनीहरु हराइसकेका छन् । हाल यिनीहरु नेपाल र भारतका केही नदीहरुमा मात्र सिमित भएका छन् ।
- नेपालमा घडियाल गोही कर्णाली, महाकाली, नारायणी, कालीगण्डकी, सप्तकोशी र ववई जस्ता नदीहरुमा पाईन्छन् ।
- नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले घडियाल गोहीलाई संरक्षित घस्रने प्राणीको सचीमा राखको छ । त्यस्तै, विश्व संरक्षण कोष (IUCN) ले अति संकटापन्न (Critically endangered) जीवको सूचीमा र साइटिसले अनुसूची १ मा समावेश गरेको छ ।

## मगर गोही (*Crocodylus palustris*)



- घडियालको भन्दा यसको थुतुनो छोटो र फराकिलो हुन्छ ।
- भाले मगरको औसत लम्वाई ३ मीटर र पोथिको २.५ मीटर हुन्छ ।
- यसले माछा, सरिसृपका अतिरिक्त सानासाना जनावरहरुलाई समेत आफ्नो आहारा वनाउँछ ।
- मगर गोही ताल, सिमसार क्षेत्र र पानीको प्रवाह कम भएका नदीहरुमा पाइन्छ ।
- नदी, ताल सिमसार क्षेत्रको किनारमा अचल भई घाम तापेर वस्छ र नजिक आएका जनावरहरुलाई समेत घिसारेर पानीमा लगि मार्दछ ।
- तराइको समथर क्षेत्रमा पाइने मगर गोही घडियालजस्तो दुर्लभ भने छैन ।
- चितवन तथा वर्दीया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा वन्यजन्तु आरक्षका नदी तथा पोखरीहरुमा पाईन्छन् ।

## लोप हुनाका कारणहरु

- नदीमा अत्याधिक माछा मार्नाले आहाराको कमी भएको छ भने माछा मार्न लापरवाहीपूर्वक राखिएका जालमा गोही फसेका थुप्रै घटनाहरु फेला परेका छन् ।
- नदीमा वाँधिएका वाँधहरुका कारण स्वतन्त्र आवागमनमा वाधा पुग्न गई प्राकृतिक अवस्थामा गोहीको संख्या घटेको छ ।
- मानिसले गोहीको अण्डा संकलन गर्नाले अण्डावाट अरु वच्चा गोही निस्कन पाउँदैन ।
- छाला र शरिरको अन्य भागको प्रयोगको लागि शिकार गर्ने गर्नाले समेत गोहीको संख्या घटिरहेको छ ।
- कलकारखानाहरुले यिनीहरुको वासस्थानमा फोहोर फ्याँकेर प्रदुषित गरिरहेका छन् ।
- खेतीपातीका लागि वासस्थानको अतिक्रमणले वासस्थान घटिरहेको छ ।

## गोही संरक्षण किन ?

- गोहीलाई सिमसार पारिस्थितिकीय प्रणालीको मुख्य प्रजाति (Key Stone Species) मानिन्छ । यसको सिमसार पारिस्थितिकीय प्रणाली (aquatic ecosystem) को संरचना र कार्यलाई सन्तुलित राख्न महत्वपूर्ण भूमिका रहेको हुन्छ ।